मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२६ औं वर्षमा

Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : २३७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ साउन ८ गते शुक्रवार (Friday, July 23. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सूचना

श्रमिकहरुको मौलिक अधिकारको सम्मान गरौं, सबै प्रतिष्ठानहरुले न्यूनतम् पारिश्रमिक प्रदान गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
विज्ञापन बोर्ड

कोरोना कहर

# निषेधाज्ञा खुकुलियो, सतर्कता भुलियो

**बिर्तामोड, साउन ७।** झापामा पछिल्लो समय कोरोना संक्रमणको दर पुनः बढ्न थालेको छ। बजार र अत्यावश्यक सेवा सहज भएसँगै मास्क लगाउने घटेका छन् भने सेनिटाइजरको प्रयोग कम हुँदा संक्रमण पुनः बढ्ने स्वास्थ्यकर्मीले बताएका छन् ।

निषेधाज्ञा खुकुलो भएसँगै प्रदेश-१ का जिल्लामा स्वास्थ्य सुरक्षा सतर्कता घटेको छ भने मास्क नलगाउने बढेका छन् । बजार खुलेपछि किनमेल गर्नेको भीड लाग्न थालेको छ । झापामा पछिल्लो समय कोरोनाको संक्रमण बढ्दै गएको स्वास्थ्य कार्यालय झापाले जनाएको छ । अहिले फेरि बिस्तारै अस्पतालमा संक्रमितको चाप बढ्न थालेको चिकित्सकहरुले बताएका छन् । संख्या घटेकै आधारमा महामारी गइहालेको भन्न नसकिने भन्दै घरघरमा रहेका संक्रमित र उनीहरूका आफन्तले समेत समुदायमा फैलन नदिने गरी सतर्कता अपनाउनुपर्ने चिकित्सकहरुले सुझाव दिएका छन् ।

झापामा पछिल्लो समय लापरबाही बढेको छ । बजारमा भेटिनेका न मुखमा मास्क छ, न त हातमा सेनिटाइजर । किराना पसल, फलफूल, तरकारीका हाटबजार सबैमा बिना सावधानी किनमेल हुन थालेको छ । जिल्लामा दुई महिनाभन्दा लामो अवधि जारी निषेधाज्ञाका कारण संक्रमितको संख्यामा कमी आएपछि निषेधाज्ञा खुकुलो बनाइएको छ । अहिले साँझ ५ बजेसम्म बजार तथा पसलहरु खुल्ला गरिएको छ । दैनिक उपभोग्य सामग्री किनमेल गर्ने पसलमा चाप छ । यद्यपि, सिनेमा हल, फनपार्क बन्द छन् तर सार्वजनिक यातायात भने खुलेको छ । निषेधाज्ञा खुकुलो भएपछि बजारमा चहलपहल बढेको छ र व्यापार गर्ने र किनमेल गर्ने निस्फिक्री छन् । स्वास्थ्य कार्यालयका जीवन चम्लागाँईले भने- 'मानिसहरूले फेरि कोरोनाको डर बिर्सन थाले । सतर्कता केही पनि छैन । मास्क लगाउन, भीडभाड नगर्न र जथाभावी नहिँड्न जति अनुरोध गर्दा पनि मानिसहरू मानिरहेका छैनन्, ।



कतिपयले सामान्य रुघाखोकी जस्तो ठानेर पचाइरहेका छन् । जीविका चलाउनुपर्ने, घर भाडा तिर्नुपर्ने, कर तिर्नुपर्नेजस्ता समस्याले बाहिरी रूपमा सटर बन्द भए पनि भित्रभित्रै व्यापार व्यवसाय चलिरहेको छ । झापामा बुधबारसम्ममा मात्रै एक हजार सात सय चार जना संक्रमित आइसोलेसनमा रहेको स्वास्थ्य कार्यालयले जनाएको छ । झापामा हालसम्म चार सयभन्दा बढीले ज्यान गुमाइसकेका छन् ।

**संक्रमणको तेस्रो लहर आउन सक्छ, सजग रहौं : स्वास्थ्य मन्त्रालय**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोरोना भाइरस सङ्क्रमणको तेस्रो लहर आउनसक्ने भएकाले सचेत रहन आग्रह गरेको छ ।

मन्त्रालयका सहप्रवक्ता डा. समिरकुमार अधिकारीले विहीवार विज्ञप्ति जारी गर्दै निषेधाज्ञा खुकुलो भएसँगै सङ्क्रमण दर बढ्दो देखिएकाले तेस्रो लहर आउनसक्ने चेतावनी दिएका छन् ।

तेस्रो लहर आउनसक्ने भएकाले सबै स्वास्थ्य संघ-संस्थालाई अक्सिजन, शय्यालगायत पूर्वाधार तयारी अवस्थामा राख्न अनुरोध गरिएको छ । मन्त्रालयबाट तेस्रो लहर आएर भयावह स्थिति नआओस् भन्नका लागि सबै स्वास्थ्य संस्थालाई तयारी अवस्थामा रहन अनुरोध गरिएको डा. अधिकारीले बताए । सबै अस्पताललाई अक्सिजन भर्न र शय्या तयारी अवस्थामा राख्न निर्देशन दिएका छौँ- डा. अधिकारीले भने- तेस्रो लहरले बालबालिकालाई बढी प्रभाव पार्ने भएकाले बालबालिकाका लागि सघन उपचारकक्ष (आइसीयू) र भेन्टिलेटर तयारी अवस्थामा राख्न भनेका छौँ ।

नेपालमा गत चैत दोस्रो सातादेखि दोस्रो लहरको सङ्क्रमण छ । नेपालमा अहिलेसम्म सात लाख २४ हजार ४ सय ५५ व्यक्तिमा सङ्क्रमण पुष्टि भएको छ । यस्तै छ लाख ३६ हजार ४०२ व्यक्ति स्वास्थ्य लाभ गरी घर फर्किएका छन् भने नौ हजार ६ सय ३७ जनाको सङ्क्रमणबाट निधन भइसकेको छ ।

**रोङका तीन वडा सिल**

कोरोना संक्रमितको संख्या बढ्दै गएपछि इलामको रोङ गाउँपालिकाले तीन वटा वडा सिल गरेको छ ।

(बाँकी अन्तिम पृष्ठमा)

## झापामा साउन १४ सम्म निषेधाज्ञा

**बिर्तामोड, साउन ७।** जिल्ला प्रशासन कार्यालय झापामा बिहीबार सम्पन्न डीसीसीएमसीको बैठकले साउन १४ गतेसम्म निषेधाज्ञा थप गर्ने निर्णय गरेको छ।

प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाको अध्यक्षतामा भएको बैठकले ८ गतेदेखि १४ गतेसम्मलाई निषेधाज्ञा जारी गर्दै थप खुकुलो बनाइएको छ ।

बैठकले लामो दूरीका सार्वजनिक यातायातका साधन सञ्चालन गर्न दिने निर्णय गरेको छ । त्यस्तै पसल बजार बेलुका ५ बजेसम्म सञ्चालन हुँदै आएकोमा अब साँझ ७ बजेसम्म सञ्चालन गर्न पाउने निर्णय गरिएको जनाइएको छ । अन्य निर्णय यथावत राखिएको छ ।

## अग्रज पत्रकार धितालको निधन



**झापा, साउन ७।** नेपाल पत्रकार महासंघ झापा शाखा सदस्य, अग्रज पत्रकार केशवराज धितालको छातीको संक्रमणका कारण ७२ वर्षको उमेरमा बुधवार राति निधन भएको छ। धितालको निधनको दुःखद् खबरले पत्रकार महासंघ झापा शाखा स्तब्ध भएको महासंघद्वारा जारी शोक विज्ञप्तिमा जनाइएको छ।

महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा विहीवार बसेको महासंघ कार्यसमितिको आकस्मिक बैठकले पत्रकार धितालको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै शोक प्रस्ताव पारित गरेको छ। कोरोना संक्रमण भई स्वास्थ्य लाभ गरिसकेका पत्रकार धिताल केही समयदेखि छातीको संक्रमणका कारण नियमित चेकजाँच र चिकित्सकको निगरानीमा रहेका थिए । तीन दिनदेखि अचानक स्वास्थ्य अवस्था गम्भीर भएका धिताल मनमोहन मेमोरियल अस्पताल काठमाडौंमा उपचाररत् थिए ।

पत्रकार धितालको उपचारकै क्रममा सोही अस्पतालमा साउन ६ गते राति ८:४५ बजे निधन भएको हो । स्वर्गीय धितालका श्रीमती बिमला शर्मा, दुई छोरा-बुहारी अतुल-सैलजा, ऋषि-सरिता, एक छोरी-ज्वाईं उपमा-अजय दाहाल छन् । धितालकी कान्छी श्रीमती रुक्मिणीदेवी रिजालको गत मंसीरमा निधन भएको थियो । धितालका तीन नाति र दुई नातिनी रहेका छन् ।

पिता टीकादत्त र माता गंगादेवीका जेठा छोरा धितालको जन्म २००६ साल बैशाख ३ गते भएको थियो । धिताल हाल दमक झापाका स्थायी बासिन्दा थिए । तर, विगत केही महिनादेखि स्वास्थ्य समस्याका कारण उनी काठमाडौं निवासी जेठा छोरा अतुलका साथमा रहँदै आएका थिए । पत्रकार धिताल विगत चार दशकदेखि झापामा रही पत्रकारितामा क्रियाशील थिए ।

औपचारिक शिक्षा आई.ए. उत्तीर्ण गरी ज्योतिष शास्त्रमा स्नातक गरेका पत्रकार धिताल २०४० सालबाट पत्रकारितामा प्रवेश गरेका थिए । नेपाल ज्योतिष दर्पणका सम्पादक, हिमालय टाइम्स, शनिबार साप्ताहिक, पूर्वाञ्चल दैनिक लगायत विभिन्न सञ्चारमाध्यममा आबद्ध रही क्रियाशील पत्रकार धिताल ज्योतिष र साहित्यकारको रुपमा समेत परिचित थिए । उनले नेपाल पत्रकार महासंघ झापाको उपाध्यक्ष, श्रमजीवी पत्रकार संघको अध्यक्ष, नेपाल प्रेस युनियनको जिल्ला उपाध्यक्षको जिम्मेवारी निर्वाह गरेका थिए । आफ्ना

(बाँकी अन्तिम पृष्ठमा)

विषाक्त मदिरा प्रकरण

## खाना र मदिरा परीक्षण गरिँदै

**झापा, साउन ७।** विषाक्त मदिरा सेवन गरेपछि बिरामी परेका चार जनाको मृत्यु भएको घटनाको अनुसन्धानका लागि घटनास्थल पुगेको प्रहरी सदरमुकाम फर्किएको छ ।

गलकोट नगरपालिका-७ मल्म पुगेको प्रहरी नायब उपरीक्षक इकवाल हवारीको पाँच सदस्यीय टोली घटनास्थलको स्थलगत अनुसन्धान गरेर फर्किएको हो ।

प्रहरीले घटनामा मृत्यु भएका र गम्भीर बिरामी परेका मजदुरले सेवन गरेको मदिरा र खानाको नमूना लिएर फर्किएको हो । प्रहरीले घटनास्थलबाट ल्याएको मदिरा र खाना परीक्षणका लागि विधि विज्ञान प्रयोगशाला पठाउने तयारी भइरहेको प्रहरी उपरीक्षक कृष्णबहादुर पल्लीमगरले बताए । गत सोमबार साँझ स्थानीय एक पसलबाट ल्याएको मदिरा र चाउचाउ तथा दालमोठ खाएपछि बिरामी परेका चार जनाको मंगलबार बिहान मृत्यु भएको थियो । दुई जना गम्भीर बिरामी मजदुरको पोखरास्थित मणिपाल शिक्षण अस्पतालमा उपचार भइरहेको छ । मृत्यु हुनेमा रोल्पाको सुनिल स्मृति गाउँपालिका-५का ३० वर्षीय प्रवीन घर्ती, ५१ वर्षीय रेखबहादुर राना, २१ वर्षीय दीपेन्द्र पुनमगर र ३९ वर्षीय दूधबहादुर राना रहेका छन् ।

त्यहाँ त के भेटिन्थ्यो र ? सोधपुछ गर्ने काम भयो, छिमेकीले पनि त्यहीँबाट रक्सी ल्याएर खाएको भन्छन्- अनुसन्धानका

(बाँकी अन्तिम पृष्ठमा)

## १२५ वर्षीय पूजारीको निधन

**महोत्तरी, साउन ७।** महोत्तरी जिल्लाको महोत्तरी गाउँपालिका-४ डाम्ही गाउँस्थित महारानी मन्दिरका पूजारीको १२५ वर्षको उमेरमा निधन भएको छ ।

पचास वर्ष अघिदेखि निरन्तर उक्त मन्दिरको पूजा गर्दै आएका बाबा वैदेही दासको निधन भएको हो । भारतको आसाम राज्यको कामाख्या मन्दिरमा बसी तन्त्रविद्या र योगमा सिद्धि प्राप्त गरेका उनी शुरुमा औरही नगरपालिकास्थित सोनासती माता मन्दिरको जङ्गलमा बस्दै आएका थिए । स्थानीयवासीका अनुसार योग गर्ने उनले बिरामी हुँदा पनि कहिल्यै औषधि प्रयोग गरेका थिएनन् ।

पुजारी बाबा वैदेही र माता महारानीको प्रत्यक्ष संवाद हुने गरेको र सो मन्दिरमा असल नियतले वर माग्नेहरुको व्यहोरा बाबा वैदेहीले भनिदिएपछि पूरा हुने विश्वास गरिन्थ्यो ।

## 'बैंकिङ सिष्टम ह्याक हुँदा डराउनु पर्दैन'

**झापा, साउन ७।** नेपाल राष्ट्र बैंकसहित १५ बैंकका बैंकिङ सिष्टम ह्याक गर्ने चेतावनी आएको छ ।

बुधबारसाँझ राष्ट्र बैंकका प्रवक्ता, सहप्रवक्ता तथा विभिन्न बैंकका उच्च अधिकारीलाई चेतावनीपूर्ण इमेल आएको बताइएको छ ।

बुधबार साँझ इमेल आए तापनि बिहीबार बिहानै सिष्टम ह्याक गरी रकम निकाल्ने म्यासेज आएको राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागका प्रमुख एवम् प्रवक्ता देवकुमार ढकालले जानकारी दिए । उनका अनुसार आफूलाई ह्याकर बताउने समूहले राष्ट्र बैंकसहित १५ वाणिज्य बैंकको सिस्टम ह्याक गरी रकम निकाल्ने म्यासेज भाइबर र म्यासेन्जरमा प्राप्त भएको थियो ।

मलाई भाइबर र म्यासेन्जरमा यस्तो म्यासेज प्राप्त भएको थियो, हामीले हाम्रो (नेपाल राष्ट्र बैंकको) र बैंकहरूको सिस्टम चेक गर्‍यौं, हाम्रो सिस्टम सुरक्षित छ, ह्याक भएको छैन, डराउनुपर्ने अवस्था छैन- उनले भने- यो कार्य कानूनीरूपमा दण्डनीय हो, त्यसमाथि कारबाही हुन्छ ।

उनका अनुसार इमेल र कल गर्ने व्यक्तिको विषयमा थप अनुसन्धान भइरहेको छ तर कसले त्यस्तो म्यासेज पठाएको भन्ने विषयमा हालसम्म केही खुलेको छैन । कसैले धम्क्याउने प्रयोजनका

(बाँकी अन्तिम पृष्ठमा)

# होटलको २५ अर्ब लगानी जोखिममा

**दमक, साउन ७।** दमकमा पूर्वपश्चिम राजमार्गको उत्तरतर्फ रहेको दमकको थकाली किचनमा दिनभर जतिखेर गए पनि खान पाइने भएकाले एकछिन पनि खाली हुँदैन थियो ।

बिगत दुई महिनादेखि होटल पूर्णरुपमा बन्द रहेको छ । होटलका कर्मचारीहरु भने अहिले त्यही खाना खाएर दिन कटाइरहेका छन् ।

बैंकको व्याज र यहाँ काम गर्नेहरुलाई आकर्षक सुविधा दिन पनि कुनै चिन्ता थिएन र कमाई पनि चित्तबुझ्दो नै रहेको थियो- होटल सञ्चालक दिवस राईले भने । होटलका कर्मचारीहरुलाई बिदाइ गर्‍यो भने भोलि नआउने र नपाइने चिन्ता हुन्छ- राईले भने- कमाई नभए पनि खानबस्न र केही तलव त दिनै पर्‍यो ।

उनले यहाँ मात्र नभएर आफ्नो बिर्तामोडमा पनि आफ्नो शाखा विस्तार गरेका थिए । इलाममा पनि सञ्चालनको तयारीमा थियो । तर, लकडाउनले अहिले उनलाई समस्या भएको छ । एकबर्ष अघिको पीडा अलि कम हुँदै गएको समयमा फेरि शुरु भएको कोभिड र निषेधाज्ञाले उस्तै बनायो- उनले भने ।



दमकको पाथीभरा होटल एण्ड लज पनि दमकको चल्तीको मानिन्छ । बस्न र खानाका लागि कुनै समय दमकमा यो होटल अब्बल मानिन्थ्यो । अहिले पूर्णरुपमा बन्द रहेको छ । एक बर्ष अघिदेखि अहिलेसम्म पनि पूर्णरुपमा होटल नचलेको होटलका सञ्चालक पुष्प खनालले बताए । खान र बस्नको व्यवस्थापन गर्नका लागि हम्मेहम्मे पर्थ्यो तर अहिले त बैंकको ब्याज पनि कसरी तिर्ने मुस्किल भएको छ- खनालले भने ।

होटल तथा पर्यटन ब्यवसायी महासंघका प्रदेश १ का अध्यक्ष राजन दंगालका अनुसार राज्यले ध्यान नदिने हो भने र होटल तथा लज व्यवसायीहरुको समस्या नबुझ्ने हो भने अरवौ लगानीको व्यवसाय चौपट हुनेछ । ठूलो लगानीमा खुलेका होटल तथा लजहरुको लगानी डुबेर ब्यवसायीहरु पलायन हुने खतरा रहेको उनले बताए ।

भाडामा लिएर चलाइएको होटल र त्यहीमाथि बैंकको ऋणको ब्याज तिर्न नसक्ने अवस्था हुँदा अब व्यवसाय छाडेर हिँड्नुको विकल्प के रहन सक्छ र ? दमकमा नै होटल व्यवसाय गर्दै आएका दंगालले भने । होटलका कामदारहरुलाई तलव दिएर अहिले पनि राखिरहनु परेको छ र कोठाभाडा पनि तिर्नु परेको छ- उनले भने । बैंकले पनि ताकेता गर्न नछाडेको उनी बताउँछन् ।

**प्रदेश १ मा २० अर्वको लगानी जोखिममा**

होटल तथा पर्यटन व्यवसायी महासंघ प्रदेश १ अध्यक्ष दंगालका अनुसार होटल क्षेत्रमा यहाँ २० अर्वभन्दा बढीको लगानी रहेको छ ।

पछिल्लो समयमा थप सुविधासम्पन्न होटलहरुले अझ धेरै लगानी गरे तर उनीहरु अहिले जोखिममा रहेका छन् । होटलहरु पूर्णरुपमा बन्द हुँदा यो सबै लगानी जोखिममा परेको दंगाल बताउँछन् ।

ऋण गरेर चलाइएका होटलहरु यत्रो समय नचल्दा व्यवसायीहरु अब कसरी उठ्न सक्ने अवस्था रहन्छ ?- दंगालले भने । ठूला तथा मझौला गरी ९ हजार ४ सय होटलहरु प्रदेश १मा रहेको पनि जनाइएको छ । दैनिक घाटामात्र

(बाँकी अन्तिम पृष्ठमा)

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि **सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

बाल्मीकि एजुकेशन फाउण्डेशन
बिर्तामोडको विद्यार्थी भर्ना सम्बन्धी सूचना

शैक्षिक सत्र २०७८का लागि यस **बाल्मीकि एजुकेशन फाउण्डेशन**मा **नर्सरीदेखि कक्षा ८** सम्मका लागि नयाँ विद्यार्थी भर्ना खुलेको सम्पूर्ण अभिभावकहरुमा सहर्ष जानकारी गराउँदछौं ।

भर्ना आवेदन फारम विद्यालय प्रशासनबाट प्राप्त गर्न सकिनेछ ।

भर्ना: २०७८ असार ६ गते आइतवारदेखि । समय : विहान १० बजेदेखि १ बजेसम्म

विस्तृत जानकारीका लागि
बाल्मीकि एजुकेशन फाउण्डेशन
बिर्तामोड-१, झापा
०२३-५४०१५५/ ५४२८२०

# ओलम्पिक लेखनका बिजेतालाई पुरस्कार

## १३ पत्रकारलाई कोरोना लेखनवृत्तिको रकम प्रदान

**बिर्तामोड, साउन ७।** नेपाल पत्रकार महासंघ झापा शाखाले ओलम्पिक खेलबारेको प्रदेश स्तरीय लेखन प्रतियोगितामा उत्कृष्ट भएका पत्रत्रकारहरुलाई बिहीबार पुरस्कार प्रदान गरेको छ ।

सोही अवसरमा पत्रकार महासंघ प्रदेश नं. १ समितिले प्रदेश सरकारको सहयोगमा सञ्चालन गरेको लेखनवृत्तिमा सहभागी पत्रकारहरुलाई प्रोत्साहन रकम प्रदान गरिएको छ ।

पत्रकार महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा महासंघको बिर्तामोडस्थित कार्यालयमा भएको कार्यक्रममा प्रमुख अतिथि स्पोर्टस् फर अल कमिशन नेपाल प्रदेश १ का संयोजक तथा बिर्तामोड नगरपालिका-३का वडाध्यक्ष भोजराज सिटौलाले प्रतियोगिताका बिजेता पत्रकारलाई पुरस्कार प्रदान गरेका थिए ।

स्पोर्टस् फर अल कमिशन नेपाल प्रदेश १को सहयोगमा महासंघले ओलम्पिक दिवस २०२१ जुन २३ को अवसरमा प्रदेश स्तरीय लेख तथा समाचार लेखन प्रतियोगिता सञ्चालन गरेको थियो ।

प्रतियोगितामा प्रथम हुने इलामका नमिन ढकाललाई ११ हजार रुपैयाँ, द्वितीय हुने ताप्लेजुङका खगेन्द्र अधिकारीलाई सात हजार रुपैयाँ, तृतीय हुने झापाका हिमालचन्द्र खरेललाई पाँच हजार रुपैयाँ र सान्त्वना पुरस्कार पाँचथरका भीम बाँस्कोटालाई तीन हजार नगद तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।

प्रमुख अतिथि सिटौलाले पत्रकारिता क्षेत्रबाट खेलकुदको समग्र विकासमा टेवा पुऱ्याउन र खेलकुद पत्रकारिता विधामा कलम चलाउने पत्रकारलाई प्रोत्साहित गर्न सहयोग गरिएको बताए । उनले पत्रकार महासंघ झापाको साझेदारीमा पुरस्कारको राशि वृद्धि गरी आगामी वर्ष पनि उक्त कार्यलाई निरन्तरता दिने प्रतिबद्धता जनाए ।



कोरोना संक्रमण भई हाल स्वास्थ्य लाभ गरेका झापाका १३ जना पत्रकारलाई महासंघ झापा शाखाको सिफारिसमा महासंघ प्रदेश समितिले लेखनवृत्ति प्रदान गरेको थियो । कोरोनाबारे सचेतना जगाउने तथा कोरोना संक्रमण नियन्त्रणमा स्थानीय तथा प्रदेश सरकारले निर्वाह गरेको सकारात्मक भूमिकाबारे आह्वान गरिएको लेखनवृत्तिमा सहभागीहरुलाई प्रोत्साहन स्वरुप जनही १० हजार रुपैयाँ प्रदान गरिएको हो ।

लेखनवृत्तिमा सहभागी झापाका पत्रकारहरु भीमा शिवाकोटी, गोपाल काफ्ले, नरेन्द्र ढकाल, राजु अधिकारी, दीपेन्द्र पौडेल, तुलसी निरौला, गौरव पोखरेल, सन्तोष आचार्य, सुव्रत न्यौपाने, पुष्प बराल, विष्णु पौडेल, अनिता भेटवाल र सन्तोष न्यौपानेलाई उक्त रकम प्रदान गरिएको हो ।

कार्यक्रममा प्रादेशिक सञ्चार प्रतिष्ठान प्रदेश १ का सदस्य गोपाल काफ्ले, नारी सञ्चार गृहकी अध्यक्ष भीमा शिवाकोटीले शुभकामना व्यक्त गर्दै महासंघको नयाँ नेतृत्वले निर्वाह गरिरहेको अभिभावकीय र संस्थागत भूमिकाप्रति धन्यवाद ज्ञापन गरे । उपाध्यक्ष केशव भट्टराईले स्वागत, उपाध्यक्ष सुशीला संग्रौलाले धन्यवाद ज्ञापन गरेको कार्यक्रमको सञ्चालन सचिव डिकेश लामाले गरेका थिए । कार्यक्रममा लेखन प्रतियोगितामा उत्कृष्टहरुको नाम घोषणा सहसचिव तथा सो कार्यक्रमका संयोजक अर्जुन राजवंशीले गरेका थिए ।

महासंघ झापा शाखाका सदस्य स्वर्गीय केशवराज धितालको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै उनको आत्माको चिरशान्तिका लागि श्रद्धाञ्जली अर्पण गरी कार्यक्रम शुरु गरिएको थियो ।

# आदिवासी रंगशालाका लागि प्रधानमन्त्री देउवालाई मागपत्र

**दमक, साउन ७।** झापाको कमल-५, लखनपुरस्थित निर्माणाधीन आदिवासी रंगशाला बनाउने संस्थागत संगठन आदिवासी रंगशाला तथा स्मृति प्रतिष्ठानको प्रतिनिधिमण्डलले विहीवार प्रधानमन्त्री शेरबहादुर देउवासंग भेट गरेको छ ।

प्रतिष्ठान समितिसहित पाँच दलीय गठबन्धनको टोलीले निर्माणाधीन रंगशालाको भोगाधिकार तथा बजेट विनियोजन गर्न माग राख्दै प्रधानमन्त्रीसहित अर्थमन्त्री जनार्दन शर्मालाई भेट गरी माग पत्र बुझाइएको प्रतिष्ठानका अध्यक्ष हुकुमसिंह राईले बताए ।

भेटका क्रममा प्रधानमन्त्री देउवा र अर्थमन्त्री शर्माले आदिवासी रंगशालाको योजना पूरा गराउन सरकारले सहयोग पुऱ्याउने आश्वासन दिएको प्रतिनिधिमण्डलमा सहभागी प्रतिष्ठानका महासचिव दिपेनवाला राईले बताए ।

प्रधानमन्त्री निवास बालुवाटारमा भएको भेटघाट टोलीमा नेपाली कांग्रेसका पूर्व महामन्त्री कृष्णप्रसाद सिटौला, पूर्वमन्त्री केशवकुमार बुढाथोकी, कांग्रेस झापाका सभापति उद्धव थापा, संघीय सांसद महेन्द्रकुमारी सुब्बा, माओवादी केन्द्रका १ नम्बर प्रदेशका सदस्य



झलकसिंह दर्लामी, प्रदेश कमिटी सदस्य गगन पुरी, जनता समाजवादी पार्टी नेपालका नेता खगेन्द्र माखिम, जसपा झापा जिल्ला अध्यक्ष राई, संघीय लिम्बुवान मञ्च नेपालका उपाध्यक्ष विशेन्द्र चेम्जोङ् लगायतका दलीय प्रतिनिधि तथा प्रतिष्ठानका पदाधिकारीहरुको सहभागिता रहेको थियो । दुई दिन अघि प्रतिष्ठानको दलीय टोली प्रधानमन्त्री र अर्थमन्त्रीसँग भेट गर्न काठमाडौ गएको थियो ।

लामो समयदेखि निर्माणाधीन रंगशाला नाममा विवाद झिकेर तत्कालीन नेकपा ओली सरकारले बजेट रोकेको थियो । प्रतिष्ठानलाई वाईपास गरेर एक समिति बनाई मदनभण्डारी रंगशाला बनाउने तर्फ ओली सरकार लागेपछि रंगशाला निर्माण विवादमा आएको थियो । सरकार परिवर्तनसँगै पुनः निर्माणको लागि प्रतिष्ठान लगायत राजनीतिक दलहरु एकजुट भएको प्रतिष्ठान अध्यक्ष राईले बताए ।

करिब एक हजार आफ्ना पूर्खाहरुको चिहान भत्काएर बनाइने भनिएको रंगशाला आदिवासी नाममा मात्र बन्न दिने भनेर आदिवासी जनजाति महासंघ, संघीय लिम्बुवान मञ्च, नेपाल लगायत सरोकारवालाहरुले पटक-पटक आन्दोलन गरेका थिए ।

# ६० हजारले १५ वर्ष जेल: जीवनभर पश्चाताप

**चितवन, साउन ७।** जिल्लाको कोराकका एक चेपाङले रु. ६० हजारको लोभले १५ वर्ष जेल जीवन बिताउनु पऱ्यो । जेल जीवन त पूरा भयो तर आफ्नो जीवनका बाँकी समय पनि पश्चाताप र निराशामा बितेका छन् ।

पुर्ख्यौली सम्पत्ति भएकाले परिवारको विछोड त भएन सुख र चैन भने परिवारमा कहिल्यै मिलेन । राप्ती नगरपालिका-१० कोराकका ५९ वर्षीय वीरबहादुर प्रजा (चेपाङ) ४१ वर्षको उमेरमा दुर्लभ एकसिङ्गे गैंडाको खाग तस्करी मुद्दामा पक्राउ परे । तीन वर्ष अघि १४ वर्ष आठ महिना जेल जीवन बिताएर घर फर्किएका प्रजाले आफ्नै घरमा व्यवसाय थालेका छन् ।

जिल्लाको पहाडी क्षेत्रमा पर्ने कोराकको समिटारको उनको निवासमा पुग्दा उनी काममा व्यस्त थिए । घरमै मदिरा पसल शुरु गरेका प्रजाले छुट्टै कोठामा आफ्ना बेदना पोख्दै गर्दा उनका आँखा आँशुले रसाएका थिए । विगतको जेलजीवन र त्यसपछिका उनका दिन त्यति सुखद् र खुशी छैनन् । चितवन, काठमाडौं, वीरगञ्ज र पोखराका कारागारमा बस्दाको समय सम्झँदै उनले भने- रगतको आँशु बगाएर जेल जीवन पार गरें, यो कुकर्ममा जार पनि नलागोस् र जेल जान नपरोस् ।

त्यसो त उनी रु. ६० हजार पाउने लोभमा फसे । घिसिङ थरका एक व्यक्तिसँगै दुर्लभ एकसिङ्गे गैंडा शिकारका क्रममा भरिया बनेर उनी निकुञ्ज पुगे । तस्कर टोलीको भरियाको काम उनले गर्ने भए । काम फत्ते भएमा रु. ६० हजार पाउने लोभ उनलाई दिइयो । दुईपटक गरेर रु. १५ हजार मात्रै पाएको उनी बताउँछन् । त्यही बीचमा वि.सं. २०५९ सालतिर घिसिङ समातिएको र उसैका कारण आफू पक्राउ परेको उनको भनाइ छ ।

पक्राउ पर्ने थाह पाएपछि लुक्न भारत जाने भन्दै पर्साको ठोरी पुगेका प्रजा त्यहाँबाट पारी जान सकेनन् । दुई महिनाको आवतजावतपछि ठोरीबाट उनी पक्राउ परे । वि.सं. २०५८ तिर भरियाको काम गरेको स्मरण गर्दै उनले भने- रासन पानी बोकेर पैसा पाइन्छ भनेपछि यो कुकर्ममा लागियो । राप्ती नदी तरेर जङ्गलमा बस्दै गर्दा पक्राउ परेर कारवाहीमा परिन्छ भन्ने थाह भए पनि लुकेर बचिन्छ भन्ने लागेर यस्तो कार्यमा लागेको प्रजा बताउँछन् ।

त्यतिबेलाको रु. ६० हजार धेरै हुने र आर्थिक अभावले गर्दा यो कुकर्ममा लागेको उनको भनाइ छ । त्यति बेलाका साथी दौंतरीका गाउँमा घर बनेका छन् कतिपयको शहरमा घरसँगै गाडी रहेको सुनाउँदै उनले आफ्नो अवस्थालाई आफैंले हेर्दा लाज भएको दुखेसो गरे । उनले भने- उमेर पनि फालियो, समय पनि बित्यो, केही गर्न पनि सकिएन ।

आँखाभरी आँशु पार्दै उनले जीवनको पहिलो र अन्तिम भूल यही नै भएको सुनाए । बाबुको एकमात्रै सन्तान प्रजाले बाबुले जोडको दुई बिगाह पाँच कट्ठा जग्गामध्ये बिक्री गरेर अहिले एक बिगाह आठ कट्ठा मात्रै बाँकी छ । जेलबाट छुट्दै गर्दा निकुञ्जमा रु. चार लाख जरिवानासँगै वकिल र आउजाउलगायतका खर्चमा रु. नौ लाखभन्दा बढी सकिएको उनको भनाइ छ । उनले भने- मान्छेले गरेका गलत काम ढिलो छिटो बाहिर आउँछ ।

जेल जीवनपछि समाजमा बाँच्न पनि कठिन संघर्ष गरिरहनु परेको उनले गुनासो गरे । अगाडिबाट नभने पनि गैंडा चोर्न गएछ, १५ वर्ष जेल बसेर फर्किएको छ भनेर भन्छन्- उनले गुनासो गर्दै भने- चोरीमा गएको पनि हो, जेल पनि बसेकै हो, तर तारन्तर भनिरहँदा दिक्क लाग्छ ।

भूकम्प प्राधिकरण र चेपाङ आवास कार्यक्रमले भत्किएको घर बनाईदिएपछि त्यही घरमा उनले व्यवसाय शुरु गरेका छन् । जग्गा धितो राखेर रु. २० लाख ऋण लिएर व्यवसाय थालेका प्रजा विगतलाई भुल्ने प्रयास गर्दै भेट हुनेहरुलाई आपराधिक गतिविधिमा नलाग्न र संरक्षणमा जुट्न सुझाव दिन्छन् । आफ्नो गाउँको सामुदायिक वन संरक्षण गरेर विगतको पापलाई पखाल्ने सोचमा उनी छन् ।

# वरपीपल बचाऊ अभियान

**झापा, साउन ७।** शीतल छहारी र धेरै अक्सिजन प्रदान गर्ने वनस्पतिका रूपमा परिचित वरपीपल मासिँदै गएपछि अर्जुनधारा नगरपालिका-१०का ८३ वर्षीय पर्शुराम कटुवाल यसको बचाऊ अभियानमा लागेका छन् ।

'वरपीपल बा' भनेर चिनिँदै आएका उनले विगत तीन वर्षदेखि यसको बिरुवा (नर्सरी) उत्पादन गर्दै आएका छन् । निजी नर्सरीमा हुर्किएका वरपीपलका बिरुवा उनले सित्तैमा उपलब्ध गराउँछन् । तर, बिरुवा लैजानेले हुर्काउन नसकेर बिरुवा मरेको थाहा पाएमा उनले प्रतिबिरुवा रु. एक हजार जरिवाना तिराउने बताए ।

विगत तीन वर्षमा उनको निजी नर्सरीमा पाँच हजारभन्दा बढी वर, पीपलका बिरुवा हुर्किसकेका छन् । बचाऊ अभियान भएको कारण बिरुवा लैजानेसँग पैसा नलिएको उनको भनाइ छ । यहाँ उत्पादित वरपीपललगायतका बिरुवा झापाका विभिन्न स्थान वाहेक ताप्लेजुङ, पाँचथर, भोजपुर, बागलुङ समेत पुगेका छन् ।

अन्य बिरुवाजस्तो वरपीपलको नर्सरी सञ्चालन सजिलो छैन । वरपीपलको बिजन नउम्रिने हुँदा मान्छेको घर, जङ्गलका रुख, ढुङ्गाका काप आदिबाट खोजेर ल्याइएका बिरुवालाई नर्सरीमा मेहनतका साथ हुर्काउन पर्दछ । वरपीपलका दाना चराले खाएर बिस्ट्याएको अप्ठ्यारो स्थानमा मात्र नयाँ बिरुवा उम्रिन्छ- उनले भने- मान्छेको घरको छत, रुखका काप, ढुङ्गाको कापमा उम्रिएका बिरुवा खोजेर नर्सरी बनाएको छु ।

उनले जिल्लाभरिबाट सङ्कलन गरेर ल्याएको बिरुवा प्लाष्टिकको बट्टामा माटो, मल भरेर नर्सरी बनाउने गरेको बताए । यसरी एउटा बिरुवा हुर्काउनका लागि रु. ५०० सम्म खर्च लाग्ने गरेको छ । व्यापार र नाफा गर्ने उद्देश्यले गरेको होइन, हिन्दू धर्ममा वरपीपललाई भगवान् मानिन्छ । यसको जर्गेना गर्दा आत्मसन्तुष्टि मिल्छ- उनको भनाइ छ ।

वरपीपलको नर्सरी नै स्थापना गरेर निःशुल्क वितरण गर्दै आएपछि सराहना गर्दै डिभिजन वन कार्यालय झापाले आर्थिक वर्ष २०७७/०७८मा उनलाई रु. ५० हजार अनुदान दिएको थियो । उनले नर्सरीको सम्पूर्ण खर्च निजी स्रोतबाट व्यहोर्दै आएका छन् । पछिल्लो समय सडक, मठमन्दिर र सार्वजनिक स्थानमा लगाइएका वरपीपलका बोटहरु मासिँदै गएका छन् ।

पुर्खाले धर्मकर्मको सोचले हुर्काएका वरपीपल चौतारी मासिँदै गएका छन् । वरपीपलले पर्यावरणीय सन्तुलन कायम गर्ने, अत्यधिक अक्सिजन उत्पादन गर्ने र हरियाली कायम राख्ने हुँदा मानव स्वास्थ्यका लागि महत्वपूर्ण मानिने डिभिजन वन कार्यालय झापाका सहायक वन अधिकृत ओम भट्टराईले बताए ।

उनले जिल्लाका सामुदायिक वनहरुलाई समेत वरपीपलका बिरुवाहरु रोप्न आग्रह गरिरहेको बताए । अन्य जातका बोट बिरुवाका तुलनामा ठूलो र हरियाली हुने हुँदा धेरै चराचुरुङ्गीको बासस्थान र खानाको स्रोत हो पनि हो- उनले भने- यस्तो बहुमूल्य र बहुउपयोगी बिरुवा बिजनद्वारा नउम्रिने हुँदा वनले अनुदान नै दिएर अभियन्ता कटुवाललाई प्रोत्साहन गरेका हौँ ।

# गरीब परिवारमा गोबर गुइँठा युगको अन्त्य

**दमक, साउन ७।** गरिवीका कारण खाना पकाउनका लागि गोबर गुइँठा बाल्दै आएका आदिबासी समुदायका परिवारहरुले ग्यास चुलो पाएका छन् ।

उनीहरुले ग्यास चुल्हो किनेर खाना पकाएर खाने कल्पना समेत गरेका थिएनन् । हिउँदमा गाईबस्तुका गोबर बटुलेर सन्ठीमा लगाई घाममा सुकाएर बर्षामा त्यही गुइँठाको प्रयोग यहाँका आदिबासीहरुले गर्दै आएका थिए ।

गौरीगञ्ज गाउँपालिका वडा नं. १ वडा कार्यालयले दाउरा तथा गुइँठा प्रयोग गर्दै आएका परिवारहरुलाई ग्यास चुलो प्रदान गरेको हो । यो पाउन त पाइयो तर कसरी बाल्ने भन्ने मलाई थाह छैन- ६५ वर्षीया साइँली सोरेनले ग्यास चुलो पाएपछि भनिन् । बर्षाको यो समय दाउरा जुटाउन मुस्किल भएको अवस्थामा ग्यास पाएको भए पनि कसरी बाल्ने भनेर उनलाई चिन्ता थियो ।

एउटै टोलका उनीसहित ५ सन्थाल घरपरिवारले पहिलो चोटी घरमा ग्यास भित्र्याएको जनाइएको छ । चौरी टोलका ५ सन्थाल परिवारलाई ग्यास कसरी बाल्ने भन्ने थाहा नभएको पाइएपछि त्यही ग्यास बाल्न सिकाइएको थियो । उक्त घरहरुमा स्थानीय सन्थाल युवा सोम सोरेनले ग्यासचुलो बाल्न सिकाइदिने प्रतिबद्धता जनाएपछि उनीहरु ढुक्क भए ।

ग्यास चुलो पाएपछि स्थानीय सोम सोरेनले औघी खुशी लागेको बताए । दैनिक मजदुरी गरेर पेट पाल्न त मुश्किल रहेको अवस्थामा ग्यास किनेर बाल्नु सपनाभन्दा बाहिरको कुरा थियो- उनले भने । हाम्रा बुबाबाजेको पालादेखि नै दाउरा र गोबर गुइँढा बाल्ने गरेको देखेको थियौं र हामी पनि त्यहीं गर्दै थियौं- उनले भने ।

यस वार्डका ५ सन्थाल परिवारसहित ६५ जना गरीब तथा विपन्नलाई चुलोसहितको ग्यास सिलिण्डर वितरण गरिएको वार्ड अध्यक्ष कार्तिकलाल राजवंशीले बताए । यसका लागि ४ लाख रुपैयाँ बजेट लागेको पनि जनाइएको छ ।

### होटलको ...

२५ करोडभन्दा बढीको रहेको छ- दंगालले भने ।

**१० हजार मजदुरको बिचल्ली**

होटल व्यवसाय ठप्प रहँदा यहाँ कार्यरत् १० हजार मजदुरको बिचल्ली हुने अवस्था छ । होटलका मजदुर तथा कर्मचारीहरुलाई कति दिनसम्म तलब दिएर राख्न सकिन्छ र ?- दंगालले प्रश्न गरे । आधा भन्दा बढी त बैकल्पिक कामको खोजीले यस क्षेत्रबाट पलायन भइसकेको पनि उनले बताएका छन् ।

### बैंकिङ ...

लागि पनि उक्त इमेल र फोन गरेको हुनसक्ने आशङ्का गरिएको बैंकका अधिकारीहरु बताउँछन् । ह्याकरले पठाएको भनिएको म्यासेजमा नेपाल राष्ट्र बैंक, कुमारी बैंक, नेपाल बैंक, नबिल बैंक, राष्ट्रिय वाणिज्य बैंक, माछापुच्छ्रे बैंक, एनएमबि बैंक, एनआइसी एशिया बैंक, बैंक अफ काठमाण्डौं, सिटिजन्स बैंक इन्टरनेशनल, सानिमा बैंक, नेपाल एसबीआई, एभरेष्ट, नेपाल इन्भेष्टमेन्ट र हिमालय बैंकको नाम उल्लेख गरी ती बैंकको सिस्टम ह्याक गरेर रकम निकालिने बताइएको छ । साथै सो म्यासेजमा आफूले पठाएको सन्देशलाई हलुका रूपमा नलिन ह्याकरले चेतावनी पनि दिएको छ ।

### अग्रज ...

कान्छा छोराको नाममा उनले बिर्तामोडमा ऋषि पुस्तक भण्डार सञ्चालनमा ल्याएका थिए । उनको निधनले नेपाली पत्रकारिता क्षेत्रले एक कुशल र अनुभवी पत्रकार गुमाएको छ भने महासंघले जुझारु र सक्रिय सदस्य गुमाएको महासंघ झापाले जनाएको छ ।

महासंघले स्वर्गीय पत्रकार धितालप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गरेको छ । महासंघ झापाको तर्फबाट सचिव डिकेश लामाले विहीवार शोक विज्ञप्ति जारी गर्दै दुःखको यस घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामनासहित गहिरो समवेदना व्यक्त गरेका छन् । स्व. धितालको पार्थिव शरीरलाई श्रद्धाञ्जलीसहित विहीवार पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको छ । उनको दशगात्र कर्म पशुपतिस्थित दशगात्र कर्मस्थलमा शुरु भएको पारिवारिक स्रोतले जनाएको छ ।

### निषेधाज्ञा ...

कोरोना संक्रमित दिनानुदिन बढ्दै गएको भन्दै रोङ गाउँपालिकाले सिल गर्ने निर्णय गरेको हो ।

बिहीबारराति १२ बजेदेखि लागू हुने गरी साउन १४ गते राति १२ बजेसम्मका लागि जोखिम भएका वडा नम्बर ३, ४ र ५ सिल गर्ने निर्णय गरिएको गाउँपालिका अध्यक्ष शम्शेर राईले जानकारी दिए ।

कोरोना संक्रमण बढ्दै गइरहेकाले गाउँपालिकाबासीलाई सुरक्षित राख्न बाध्य भएर सिल गरिएको बताउँदै अध्यक्ष राईले सबैलाई अत्यावश्यक काम वाहेक घर बाहिर ननिस्कन आग्रह गरेका छन् । स्थानीय विपद् व्यवस्थापन समितिको बिहीबार बसेको बैठकले नियम उल्लंघन गरेमा संक्रामक रोग ऐन २०२० बमोजिम कारबाही गर्ने चेतावनी दिएको छ । कोरोना भाइरसको संक्रमण बढ्पछि झापाको बुद्धशान्ति गाउँपालिका समेत सिल भइसकेको छ ।

### खाना ...

लागि घटनास्थल पुगेका प्रनि हवारीले भने- अब खाना, मदिरा र भिसेरा रिपोर्ट जे आउँछ त्यसको आधारमा अनुसन्धान अघि बढ्छ । घटनास्थलमा पुगेको प्रहरीले मजदुरले सँधै मदिरा खाने गरेको र त्यो दिन पनि त्यसै भएको बताएका थिए । शव धौलागिरी अस्पतालको शव गृहमा राखिएको छ । रोल्पाबाट आफन्त बुधबार बिहानमात्रै बागलुङ आइपुगेका छन् । उनीहरु आएको खबर छ, जाहेरी आएपछि मात्रै परीक्षण हुन्छ- प्रहरी उपरीक्षक पल्लीमगरले भने- परीक्षणपछि भिसेरा र खाना तथा मदिरा एकैपटक विधि विज्ञान प्रयोगशाला पठाउँछौं । आफन्तले भने रिपोर्ट आएपछि मात्रै शव बुझ्ने बताउँदै आएका छन् ।


**Teacher Wanted**

**Post:** Incharge (Primery)
**Requirement:**
1) Fluent in English
2) Minimum B.A. Pass
**Happy Kids Education Foundation,** Birtamod
Contact: 9804998590, 023-534939

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
**बिर्तामोड, झापा**



(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

**बिर्तामोड नगरपालिका**

**सामाजिक सुरक्षा परिचयपत्र**
**नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना**




सामाजिक सुरक्षा नियमावली २०७६ (पहिलो संशोधन) को नियम ९ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले **२०७८ श्रावण १ गते देखि भाद्र मसान्तसम्ममा** सम्बन्धित वडा कार्यालयमा स्वयं उपस्थित भई अनिवार्य रुपमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु हुन सम्बन्धीत सबैमा सूचित गरिन्छ । बालबालिका,पूर्ण अपाङ्गता, ९० वर्षमाथी र आफै उपस्थित हुन नसक्नेको हकमा संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछ ।

**नोट : तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन ।**

**आवश्यक कागजातहरु**
- नागरिकता प्रमाण पत्रको प्रतिलिपी
- पासपोर्ट साइजको २ प्रति फोटो
- बैंक खाता नम्बर
- बालबालिकाको हकमा जन्म दर्ताको प्रतिलिपी
- असहाय एकल महिलाको हकमा पतिको मृत्यु दर्ताको प्रतिलिपी र अर्को विवाह नगरेको प्रमाण
- अपाङ्गताको हकमा नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपी

राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण सेवा इकाइ
बिर्तामोड नगरपालिका,झापा



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# सडक सुरक्षाका चुनौतिहरु

**जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले गत आर्थिक वर्ष ०७७/०७८मा झण्डै पौने चार करोड रूपैयाँ जरिवानाबाट राजश्व सङ्कलन गरेको छ । कार्यालयको तथ्याङ्क अनुसार यस अवधिमा कारवाहीमा पर्ने सर्वाधिक संख्या मोटरसाइकल चालकको रहेको छ । कारवाहीमा पर्नेमा मुख्य सडकमा सवारी चलाउने नै बढी छन् । अझ सहायक सडकमा पनि ट्राफिक प्रहरीको उपस्थिति रहने हो भने राज्यकोष झनै धेरै र सजिलै बढ्ने निश्चित छ । अहिले नेपालीको क्रयशक्ति धेरै बढेको कारणले हो वा वैदेशिक रोजगार अथवा नयाँ पुस्तामा बढेको भौतिक सुविधाप्रतिको तृष्णाले दुई पाङ्ग्रे सवारीलाई नै सडक साँघुरा हुनथालेका छन् । निजी सवारी खरिद गर्ने र एउटा मान्छेले एउटा सवारी उपयोग गर्ने कारणले पनि सडकमा चाप बढ्दै गएको छ । यस्तोमा ट्राफिक प्रहरीको उचित व्यवस्थापन नगर्ने हो भने सडक सुरक्षित हुन सक्दैन ।**

**एउटै जिल्लामा, ट्राफिक प्रहरीको जनशक्ति अपुग भएको अवस्थामा, ग्रामीण सडकमा ट्राफिक प्रहरीको नियमित उपस्थिति नहुँदा र अनेक दवावका वीच नियम उल्लंघन गर्नेहरूबाट तीन करोड उनान्सत्तरी लाख त्रिपन्न हजार पाँच सय रूपैयाँ जरिवानावापत सङ्कलन गरिनु चिन्ताको विषय हो । यसले नियम मिच्ने प्रवृत्ति बढाउँछ जो अन्तत व्यक्ति, समाज हुँदै राष्ट्रकै अहितमा हुन्छ । सवारीको व्यवस्थित सञ्चालनका लागि सडकका नियम बनाइएको हुन्छ र त्यसको मुख्य नियमक निकाय भनेकै ट्राफिक प्रहरी कार्यालय हो । खासगरी नियम मिच्नेमा प्रत्येक वर्ष मोटरसाइकल चालक नै बढी देखिएका छन् । दुर्घटनामा पर्ने, घाइते हुने र मृत्यु हुनेको संख्या पनि यही सवारीको भूमिका बढी छ । चालक अनुमतिपत्रबिनै सवारी चलाउने पनि यिनै बढी छन् । त्यसैले सडकलाई सुरक्षित र व्यवस्थित गर्नका लागि प्रहरी परिचालन त्यसकै अनुपातमा बढाउन जरूरी छ ।**

**खासगरी ग्रामीण क्षेत्रमा सडक नियम उल्लंघनका घटना बढ्दै गएका छन् । ट्राफिक प्रहरीको उपस्थिति नरहेकाले, भएका ठाउँमा जनशक्ति अपुग भएर, नित्य अनुगमनको अभावले यात्राजन्य जोखिम बढेर गएको छ । यस्तोमा छड्के जाँच गर्नु पनि एउटा उपाय हुनसक्छ जोखिम नियन्त्रण गर्न तर यो नै सर्वोत्तम उपाय भने होइन । राष्ट्रका प्रत्येक अवयव व्यवस्थित, स्वस्थ, सुसञ्चालित र विधिबाट चल्ने भए मात्र सर्वतोमुखी र सर्वाङ्गिण विकास भएको मानिन्छ । सबैले नियमको पालना गर्नु, मर्यादामा रहनु हो भने दुर्घटना न्यूनीकरण पनि हुन्छ र त्यसले दिन सक्ने क्षति पनि कम गर्न सकिन्छ । अहिले सडकमा गुड्ने दुई पाङ्ग्रे, तीन पाङ्ग्रे र चार पाङ्ग्रे वा त्योभन्दा ठूला सवारी साधनको चापले सडक साँघुरिएका छन् । यस्तोमा ट्राफिक प्रहरीको प्रभावकारी उपस्थिति अपरिहार्य छ । सजाय गर्ने दाउ हेर्नुभन्दा मादक पदार्थ सेवन गरेर सवारी चलाउने, तीव्र गतिमा चलाउने, मापदण्ड विपरीतका उपकरण जोड्ने, क्षमता र निर्दिष्टभन्दा बढी यात्रु बोक्ने, उमेरै नपुगी सवारी चलाउने वा अनुमतिपत्र नभई चलाउने सबै सडक सुरक्षाका वाधक हुन् । यिनलाई कानूनको परिधिभित्र ल्याउन सरकारको ध्यान जानु पर्छ । तर, जरिवाना गरेरै यसलाई नियन्त्रण गर्न सकिन्छ भन्नुभन्दा सचेतना र प्रभावकारी उपस्थिति बढाउनुपर्छ । यसले मात्र हाम्रो यात्रा सुरक्षित हुन सक्छ ।**

### सामाजिक सञ्जाल



माधव नेपाललाई दोस्रो अध्यक्ष दिने रे । केपी ओलीले दिएर दिइने कस्तो पद हो ? निजी अंश जस्तो ! पार्टीमा दुईवटा अध्यक्ष राख्ने व्यवस्था खारेज गर्नुपर्छ । पार्टीमा दुईवटा अध्यक्ष राख्नु र घरमा दुईवटा श्रीमती राख्नु उस्तै हो ।

**– उत्सव श्वेता ढकाल**



प्रत्येक बर्ष विनियोजन भएका बजेटको अधिकतम् सदुपयोगमा कमी र फ्रिज भएर गएको देख्दा हामीलाई पैसाको होइन, कुशल व्यवस्थापन र सही कार्य वातावरणको अभाव खट्किन्छ । .बरू बजेट अहिलेको भन्दा कमै किन नहोस्, कुशल व्यवस्थापनमा जोड दिउँ ।

**– कृष्णकुमार निरौला**



साथीहरु ब्रेकिङका नाममा प्रष्टसँग कुरै नखुलाई सामाजिक सञ्जालमा- अत्यन्तै दुःखद्, अकल्पनीय घटना, वर्वादै भो, गाउँ नै शोक, नसोचेको घटना जस्ता शब्दले आतंक फैलाउने काम नगरौं । अर्कोले लेखेको स्टाटस कपि गरेर पोस्ट्याएर कुरै नबुझी दुःखद् कसरीभन्दा उत्तर चाहिँ दिन सकौं । सकिन्छ भने प्रष्ट बुझ्ने शैलिमा लेखौं ।

**– तीर्थ तिम्सिना**

# साँच्चै, हामी राजनीति बुझ्दै बुझ्दैनौं है !



**राजेन्द्र पराजुली**

हामी नेपाली राजनीतिक कुरा भनेपछि हुरुक्कै हुन्छौं, तर खासमा राजनीति भने पटक्कै बुझ्दैनौं । हामीमध्ये अधिकांश कुराकानी गर्दा सत्तामा रहेका नेकपा एमाले र नेपाली कांग्रेसलाई खराब भन्छौं । तर, चुनावका दिन तिनैलाई आँखा चिम्लेर अमूल्य मत हाली दिन्छौं । जब हामी आफैंले खराब भनिरहेको दललाई मत हाल्छौं भने असल नतिजाको कामना किन गरिरहेका हुन्छौं ? यही कारण शुरुको वाक्यमै भनिएको हो- 'तर, खासमा राजनीति पटक्कै बुझ्दैनौं ।'


२०४६ को परिवर्तनपछिका अधिकांश निर्वाचनले (पहिलो ०४८ बाहेक) कुनै पनि दललाई स्पष्ट बहुमत दिलाउन सकेन । हामी मतदाता दल र तिनका विचारमा विभक्त भयौं, फरक-फरक राजनीतिक दललाई मत दियौं । सरकार मिलिजुली बन्यो, त्यसलाई हामीले अस्थिर सरकारको उपमा दियौं । त्यो उपमा हामी जनताले दिएको होइन, राजनीतिक दल र विशेषगरी सत्तारुढहरुले झुण्ड्याइ दिएको विशेषण हो 'अस्थिर' सरकार ।

कांग्रेस-कम्युनिस्ट, सबै दलका नेताको मुखबाट हामीलाई स्पष्ट बहुमत दिनोस्, हामी स्थिर सरकार बनाउँछौं र देश विकास गर्छौं भन्ने वाणी आइरह्यो । हामी जनतालाई पनि अस्थिर सरकार निको लागेन । हामी स्थिर सरकारको खोजीमा लाग्यौं । हामीलाई सबैभन्दा ठूलो दुश्मन 'अस्थिर सरकार' लाग्न थाल्यो । देशमा स्थिर सरकार बनेपछि हाम्रा शदियौंदेखिका सारा दुःख हरण हुने विश्वास जाग्न थाल्यो । र, लामो समयपछि २०७४ सालको आमनिर्वाचनमा हामीले स्थिर सरकारको परिकल्पना गर्दै वामशक्तिका हातमा झण्डै दुईतिहाइ मत ओइर्‍याइदियौं ।

स्थिर मात्र होइन, 'अधिक' स्थिर सरकार बन्ने बाटो खुल्यो । त्यो सरकारको नेतृत्वमा राजनीतिक परिवर्तनका लागि लामो समय संघर्ष गरेका केपी शर्मा ओली पुगे । ती सरकारका पाइलटले आफ्ना सहायक पाइलट रोजीरोजी चयन गरे, राष्ट्रपति पनि आफ्नै रुचीमा छाने । त्यसबखत वामदललाई मत दिने त उसै खुशी हुने भइहाले, कांग्रेस बाहेक जीवनमा अरु कसैलाई कहिल्यै मत नहालेका मानिस पनि खुशी देखिए । किनकि, विगतमा देश विकासको तगारो रहेको अस्थिर सरकार अब हुने छैन, देशले स्थिर सरकार पाएको छ भनेर त्यस्ता व्यक्ति खुशी भएका थिए । तर, हामी राजनीति नबुझ्नेका निम्ति उनै महान वैज्ञानिक अल्बर्ट आइन्सटाइने भने जस्तै 'पोलिटिक्स इज मोर डिफिकल्ट द्यान फिजिक्स' भई दियो ।

स्थिर सरकार त आयो, तर त्यसले हाम्रा दुःखलाई पनि 'स्थिर' नै राखी दियो ! हामी व्यवस्था र संविधानमा खोट खोजिरह्यौं, व्यवस्था र संविधानका परिपालकका कमजोरीमा आँखा चिम्लिरह्यौं । उही पुरानो भनाइ पुनरावृत्त हुन्छ यहाँ- 'दाग अनुहारमा थियो, तर हामी ऐना सफा गरिरह्यौं' ।

निर्वाचन जित्नका लागि अघि सारिएको 'स्थिर' सरकारको नारा अब भुत्ते बन्न पुग्यो । दशक लामो सशस्त्र संघर्ष गरेर राजनीतिको मूलधारमा आएपछि एमालेसँग जोडिन पुगेको माओवादी पुनः अलग भयो । भन्दै आइएको स्थिर सरकार भत्कियो ।



दुईतिहाइको सरकारलाई सत्ता टिकाउन अरु दलको सहयोग आवश्यक पर्न गयो । राजनीतिको बजारमा 'चटक' देखाउन सिपालु केपी शर्मा ओलीले आफ्नो सत्ता अकण्टक पार्न अनेक दाउ लगाउन थाले । आफ्नै दलभित्रका नेताहरुलाई पाखा लगाउँदै अन्य दललाई सत्तामा सयर गराउन खोजे, तर त्यसलाई सर्वोच्च अदालतले मान्यता दिएन ।

ओलीको गलत कार्यशैलीका कारण एमाले कमजोर बनेको आरोप लगाउँदै भड्किएका माधवकुमार नेपाल समूहको विगतको क्रियाकलाप पनि जनहितकारी नरहेको हामी पाएदेखि चौबीसै घण्टा राजनीतिक गफ गर्न सक्ने नेपालीलाई थाहा नहुने कुरै भएन । हिजोको आरोप जस्तोसुकै होस्, विमति जुनसुकै वैचारिक-सैद्धान्तिक रहेको होस्, ओली-माधवलाई अहिले मिलेको देखाउनुपर्ने बाध्यता आइलागेको छ । किनकि, अब आमनिर्वाचन संघारैमा आइसकेको छ । फेरि हामी राजनीति पटक्कै नबुझ्ने जनतासामु अर्को कुनै 'नयाँ वा धुलोमैलो भएको नारालाई पुछपाछ गरेर' पस्कनु जो छ । त्यसका निम्ति पनि ओली-माधव समूह मिलेको देखाउने उद्देश्यले अनेक प्रयत्न गर्दै आएका छन् ।

बुधबार राजधानीको पाँचतारे होटेल मेरियटमा यी सर्वहारा सिद्धान्त बोकेका दुई विशाल कम्युनिस्ट नेताले केही महिनापछि भेट गरे । हामी जनता सडकमा बसेर त्यो दृश्य बडो चाखपूर्वक हेरिरह्यौं-सुनिरह्यौं । 'हामी अब मिल्दैछौं है' भन्ने सन्देश दिन खोजे, तिनले । हामीमध्ये कतिपय अहिले पनि यी मिलुन् भन्ने चाहना राख्छौं, किनकि अझै पनि हामी देश विकासको मूल शत्रु अस्थिर सरकार मानिरहेका छौं ।

यसै भन्थ्यौं हामी- ०४८ ताका पनि । र, नेपाली कांग्रेसका तत्कालीन मुखिया गिरिजाप्रसाद कोइराला पनि त्यसै भन्थे । अहिले एमाले मुखिया केपी शर्मा ओलीले जस्तै । कांग्रेसको एकमना सरकार थियो, तर तिनै कोइरालाले मध्यावधिमा देशलाई होमी दिए । मुखले स्थिर सरकार मागे, मनले अर्कै चाहे । अहिले ठ्याक्कै त्यही सिको गरेर ओलीले देशलाई मध्यावधि निर्वाचन आवश्यक रहेको ठहर गर्दै संसद विघटन गरिदिएका हुन् । कोइरालाका हातमा बहुमत थियो, तर ओलीसँग त दुईतिहाइ नै थियो । त्योभन्दा स्थिर सरकार इतिहासमा कहिले बन्ला ?

राजनीति भनेपछि हुरुक्कै हुने हामी नेपालीले अझै पनि नबुझेकै हौं त- विकासको बाधा अस्थिर सरकार होइन, नेताहरुको गैरजिम्मेवार र अकर्मण्य-व्यभिचारी स्वभाव हो भनेर ? कृपया, अब चाहिँ बुझौं है । अहिले पनि नबुझे कहिले बुझ्ने ? अब पनि झुक्किए, कहिले सचेत हुने ?

पुनः ओली-माधवको बुधबार मेरियट भेटतर्फै लागौं । मेरियटमै रहेका एमालेका एकजना प्रभावशाली नेताले अनौपचारिक कुराकानीमा भने- 'दुई वरिष्ठ नेताबीच लामो समयपछि देखादेख भयो ।' यहींनेर हेक्का राख्नुपर्ने महत्वपूर्ण प्रश्न उब्जन्छ । तिनको देखादेख वा वार्तालाप वा मेलमिलापले हामी जनताको जीवनमा के तात्विक फरक पर्छ ? ती नमिल्दा हाम्रो के गुमेको थियो र मिल्दा के प्राप्त हुन्छ हामीलाई ? यी प्रश्नको जवाफ अब हामीले गर्ने दैनिकजसो कुराकानीमा खोज्न सक्नुपर्छ । अन्यथा, हामीलाई राजनीतिले दिने भनेको उही दुई नेताबीचको 'देखादेख' मात्रै हो ।

ओलीको यो कार्यकालले उनको राजनीतिक चिन्तनलाई 'खुला किताब' जस्तो, सबैले सहजै बुझ्न सक्ने बनाइदिएको छ । उनी आफू बाहेक अरु सबैलाई 'अस्थिर' राजनीतिका बाहक ठान्छन् । उनी आफूलाई सबैभन्दा जनप्रिय र अरु सबै अलोकप्रिय हुन् भन्ने मान्छन् । यो सत्ता, यो प्रधानमन्त्रीको कुर्सी मेरा लागि मात्रै बनेको हो भन्ने ठान्छन् । मैले जुनसुकै समय, जुनसुकै स्थान र जोसुकैसँग जे बोल्छु, त्यही पार्टीलाइन हो भन्ने उनको ठहर छ । मेरो कार्यकालमा देशमा जे जति विकास भयो, त्यति कहिल्यै भएको थिएन भन्ने ठोकुवा गर्छन् । अर्थात्, उनी आफूलाई 'सुपरम्यान' ठान्छन् । देश र जनताप्रति समर्पित देखाउन कहिलेकाहीँ भावुक बन्दै गीत-कविता पनि कोरिदिन्छन् ! के मात्रै गर्दैनन् ओली ? डाक्टरले जसरी कोरोनाको उपचार बताउँछन्, बुद्धिजीवीलाई बुद्धि नै दिन्छन् । सबथोक गर्छन् । तर, एकथोक कहिल्यै गर्दैनन्, त्यो हो- 'जनप्रेम' !

जनप्रेम नगर्ने यी स्वघोषित सुपरम्यानले कसैगरी पनि भड्किएको आत्मावाला माधवकुमार नेपाललाई आफ्ना पक्षमा ल्याउनेछन् । अनेक प्रलोभन देखाउनेछन्- अब हुने निर्वाचनपछि 'तपाईं नै हो प्रधानमन्त्री' भनि दिनेछन् । त्यतिले नमाने 'छिट्टै तपाईं पार्टी अध्यक्ष' भनि दिनेछन् । लोभलालचको गर्तबाट कहिल्यै माथि नउठेका माधवलाई ओलीको वाणीले मख्ख पार्नेछ ।

अनि हामी हरपल राजनीतिक कुरा गरेर नथाक्ने, तर राजनीति पटक्कै नबुझ्ने जनता पुनः उही 'कथित' स्थिर सरकारको खोजीमा मतदान गर्नेछौं, हो ? या राजनीति बुझेर बलियो विकल्पको खोजीमा लाग्नेछौं ? यो प्रश्नको उत्तर पाउन अब धेरै समय कुर्नुपर्ने छैन । फरकधार

# जनप्रतिनिधिज्यू, तपाईं भ्रममा हुनुहुन्छ !




**सोनी बर्तौंला**

जनताकै थाप्लामा आर्थिक व्ययभार पर्ने गरी भए पनि जनताका यावत् समस्या सुल्झाउन र विकास निर्माणका कार्य गर्न भन्दै जनप्रतिनिधिहरू चुनिए ।

लामो पर्खाइपछि चुनिएका जनप्रनितिधिले 'अब त काम गर्लान्' भन्ने जनताहरू माझ ठूलो आशा थियो । तर, जनप्रतिनिधिले विकासका नाममा सिन्को पनि नभाँचेको स्थानीयहरू गुनासो गर्छन् । चुनावका बेला लोकप्रिय नारा लगाएर भोट मागेका उनीहरू अहिले भने अन्यमनस्क भएका छन् । आफ्ना क्षेत्रमा विकास गर्नु, जनताको जीवनस्तर उकास्ने योजना ल्याउनु त उनीहरूका लागि हतप्रभको अवस्था हुन्छ । आफैलाई सुविधा थप्न पाए बरु आनन्दित भएर विचरण गर्दछन् ।

चुनावका बेला मसिनो बोलीमा सबैलाई प्रभावित पारेका उनीहरू अहिले भने महँगो मोबाइल, सवारी-साधन, बिदा, सुविधा, भत्ता र विभिन्नखाले सुविधा थपेर विलासी जीवन बिताइरहेका छन् । कोही भेट्न जाँदा अपरिचितको व्यवहार गरिदिन्छन्, कसैले अनुनय गर्दा पनि प्रतिक्रियामा गर्जन निस्किन्छ । या भनौं, कहिलेकाहीँ त कुनै प्रतिक्रिया नै आउँदैन ।

सडकको अवस्था बेहाल छ । खानेपानीको उस्तै हाहाकार छ । जनताका दैनिक जीवनसँग सरोकार राख्ने आधारभूत आवश्यकताका पूर्वाधारको व्यवस्थापन र उपलब्धता गराउन कुनै चासो नै दिइएको छैन । चुनाव सम्पन्न भएको चार वर्ष बितिसक्दा पनि धेरै ठाउँमा जनताका प्रत्यक्ष सरोकारका मुद्दाहरूको अरुणोदय नै हुन सकेको छैन । तर, जनप्रतिनिधिहरू बाहिर विकास र समृद्धिले फड्को मारेको गफ दिनमा व्यस्त छन् ।



जुन ठाउँमा आफ्ना कुरा बिकाउँछन् त्यहाँ सम्पूर्णका ज्ञाता भए झैं बकितम् सुनिन्छन् । तर, जब जनताले कुनै गुनासा लिएर जान्छन्, तब आफूहरूलाई अनभिज्ञ भन्दै मुख चोख्याउँछन् । काम कुरो एकातिर मिल्काएर आफ्नै सनकका भरमा हिँडेका उनीहरू वास्तवमै भ्रममा छन् । उनीहरूलाई लागेको होला आफ्ना ठाउँमा पर्याप्त समृद्धि आएको छ भन्ने । किनभने ५० वर्ष पहिले हिँड्ने ग्राभेल सडकमा खाल्डाखुल्डी हुने गरेको र अहिले सोही सडकमा ग्राभेल गरेर हिँड्न सकिने अवस्थालाई उनीहरूले समृद्धिको उपमा दिएका हुन्छन् ।

उनीहरूले आफू बस्ने कार्यकक्ष झकिझकाउ पारेका छन् । व्यक्तिगत जीवनमा ठूलै परिवर्तन पनि ल्याएका छन् । तर, जनताको उही पुरानो घरको छाना वर्षायाममा चुहिन्छ । उस्तै छ उनीहरूको हालत । उनीहरूले त्यो रङ्गीचङ्गी अन्तःपुरबाट एकपटक जनताको घरदैलो हेरिदिए हुने नि !

जनप्रतिनिधिकै लागि भनेर किनिएका सवारी-साधनको लागत करोडभन्दा बढी छ । तर, जनतालाई रोजगार दिन र गरिबी न्यूनीकरण गर्न लाखभन्दा बढी पनि रकम विनियोजन भएको देखिन्न । जनप्रतिनिधिले सरकारबाट पाउनुपर्ने सेवा-सुविधा घुँडा टेकेर तुरुन्तै लिने, तर जनसरोकार जोडिएका काम नगरेर आफूले दिनुपर्ने र जनताको लागि गर्नुपर्ने काममा जिम्मेवार नै छैनन् । आफूलाई जे मन लाग्छ त्यही गरेका छन् । तर पनि उनीहरू आगामी चुनाव जित्ने आशामा छन् । यो भ्रम नभएर के हो ?

जनता रोग, भोकले ग्रस्त हुँदा समेत नेताहरुलाई भने आफ्नै जनजीवनको चिन्ता रहेको छ । कोरोना भाइरसका कारण जनता संकटमा पर्दा समेत नेताहरुबाट कुनै ठोस उपलब्धिमूलक निर्णय भएको पाइन्न । सरकारी सेवासुविधा लिन तछाड-मछाड हुने नेताहरुले आफ्नो सेवासुविधाबाट जनताको स्वास्थ्यउपचारमा थोरै पनि लगानी गरेको देखिएन । कोरोना भाइरसको दोस्रो लहरका कारण धेरैले ज्यान गुमाइरहँदा समेत यसको रोकथाम र भ्याक्सिन खरिदमा सरकारी तवरबाट देखिएको लाचारीपनले नागरिक निराश भएका छन् ।

पटक-पटक संसद विघटन र पुनर्स्थापनाले वाक्क भएका जनतासामू पुनः नेताहरु चुनावका कुरा गरेर भोट फकाउने रणनीतिमा लागेको पाइन्छ । बहुमत प्राप्त सरकारले पाँच वर्षको अवधिमा विकासका योजनालाई अगाडि बढाउने जनताको आशा माथि तुषारापात भएको छ । नेताहरुको राजनीतिक स्वार्थकै कारण मुलुक अस्थिरताको जन्जीरमा अडिएको छ । मुलुक अस्थिर हुँदा नागरिकको सुरक्षादेखि देशको सम्प्रभूतासम्मका विषयमा खलल पुग्ने गरेको छ ।

विदेशी हस्तक्षेप बढेर देशमा गृहयुद्धको समेत सम्भावना बढ्ने खतरा रहेको छ । लामो संघर्षपछि प्राप्त संविधानको रक्षा गर्दै मुलुकको दिगो विकासमा नेताहरु अगाडि बढ्ने अपेक्षा गरिएको थियो । तर, जनताको अपेक्षा विपरीत उनीहरुको जीवनर स्तरमा मात्रै परिवर्तन आउनुले युवापुस्तामा समेत राजनीतिप्रति वितृष्णा बढ्न थालेको पाइन्छ । नेतृत्व सक्षम र सही भएमात्र मुलुकले विकास र निकास पाउनेमा दुईमत छैन ।

अब पनि राजनीतिक स्वार्थ राखेर वा नागरिकलाई भ्रममा पारेर आफ्नो स्वार्थ पूरा गर्ने लक्ष्यका साथ चुनावी मैदानमा उत्रने सोचमा हुनुहुन्छ भने नेताज्यू तपाई भ्रममा हुनुहुन्छ । नागरिक अब सचेत भइसकेका छन् । विगतका काम र नेतृत्व गर्ने शैलीको मूल्यांकन गरेर मात्रै उनीहरुले अब नेतृत्व चयन गर्नेछन् । आगामी निर्वाचनमा निर्वाचन आयोगले मत दिन्न अर्थात् नो भोट सिस्टमलाई समेत कार्यान्वयनमा ल्याएमा धेरै स्थानमा नौ भोटले मान्यता पाउने पक्का छ । त्यसैले आफ्नो आचरणमा सुधार गरेर जनताका आशा र अपेक्षामा लाग्नु होला । नत्र भाषणको भरमा चुनाव जित्ने तपाईंको सपना भ्रम मात्र हुनेछ ।

# दमकमा बाल अस्पताल बन्ने

**दमक, साउन ७।** दमकमा विशिष्टिकृत बाल अस्पताल सञ्चालनका लागि आवश्यक तयारी शुरु गरिएको छ।

कोरोना महामारीको तेश्रो चरणमा बालबालिक समेत प्रभावित बन्न सक्ने भन्दै आंकलन भइरहेको अवस्थामा त्यसलाई समेत ध्यान दिएर तत्कालै वाल अस्पताल सञ्चालनका लागि आवश्यक तयारी शुरु भएको बताइएको छ।

डा. भगवान कोइरालासहितको टोलीले नेपाल रेडक्रस सोसाइटीको भवनको अवलोकन गर्दै यही विशिष्टिकृत अस्पताल बनाउन शुरु गर्ने गरीको तयारी गरेको जनाइएको छ। दमक नगरपालिकाले पनि यसलाई सहयोग गर्नका लागि नीति तथा कार्यक्रम र बजेटमा समावेश गरेको दमक नगरपालिका उपप्रमुख गीता अधिकारीले बताइन्।

दमकमा बाल अस्पतालको जरुरत रहेको थियो र त्यसका लागि साझेदारीमा काम अघि बढिरहेको छ, अधिकारीको भनाइ रहेको छ। रेडक्रसले भवन उपलब्ध गराउने र बिभिन्न दाताहरुको सहयोगमा अस्पताल सञ्चालन गर्ने तयारी शुरु भएको रेडक्रस दमकका सदस्य विमल शर्माले बताए। 'बिभिन्न चरणमा रेडक्रसले पनि यस बिषयमा छलफल चलाइरहेको छ' -उनले भने।

रेडक्रस सोसाइटी दमकले अस्पताल नै सञ्चालनका लागि भन्दै सुविधा सम्पन्न भवन निर्माण गरेको छ। सर्पदंश उपचार सेवासँगै बाल अस्पताल समेत सञ्चालनका लागि सोही भवनको प्रयोग गरिने जनाइएको छ। झापामा वालबालिकाको लागि मात्र उपचारका लागि कुनै पनि अस्पताल रहेको छैन।

बालबालिका बिरामी भएको अवस्थामा यहाँबाट भारत लैजाने गरिएको छ। प्रदेश १ मा पहिलो पटक विशिष्ट बाल अस्पताल सञ्चालनको लागि डा. कोइराला, प्रदेश १ अर्थ सचिव उत्तरकुमार खत्री, स्वास्थ सचिव गोविन्द कार्कीसहितको टोलीले आएर रेडक्रसको भवन निरीक्षण गरिसकेको रेडक्रस दमकका सभापति प्रकाश बुढाथोकीले बताए। केही समय अघिदेखि नै डा. कोइरालाले दमकमा बाल अस्पताल सञ्चालनका लागि प्रयास गर्दै आएको पनि जनाइएको छ।



# नमूना सडक महिना दिनमै सयौं खाल्डो



□ **विनोद पाण्डे**

**चारपाने, साउन ७।** इलाम सूर्योदय नगरपालिकास्थित कन्याममा बनाइएको नमूना चार लेनको कालोपत्रे सडक सयौं ठाउँमा खाल्डो परेको छ। सडक निर्माण गरिएको एक महिना बित्दानबित्दै टलक्क टल्किएको सडक खाल्डैखाल्डोमा परिणत भएको हो।

ठूला सवारीसाधन नचलेकै अवस्थामा भत्किन शुरु भएको सडक ठूला मालवाहक र यात्रुवाहक सवारी चल्न थालेपछि सडक झन् भत्किन थालेको हो। त्यसैगरी भत्किने क्रम हो भने अबको एक महिनाभित्र कन्याममा हुस्सुसँगै धुलो पनि उड्ने निश्चित रहेको स्थानीयको भनाइ छ।

कोभिडका कारण कडा निषेधाज्ञा जारी गरिएको थियो, त्यही बेला इलामको सूर्योदय नगरपालिका र सडक डिभिजन कार्यालय भने पूर्वको एक पर्यटकीय गन्तव्य कन्याममलाई अझ सजाउन व्यस्त रह्यो। कन्याममा भएको यो कामप्रति धेरैले सकारात्मक प्रतिक्रिया व्यक्त गरेका थिए। यस बर्षको निषेधाज्ञा अघि र पछि कन्याम पुगेर वा सञ्चारमाध्यम, सामाजिक सञ्जालबाट कन्यामको परिवर्तनलाई देख्नेहरु आश्चर्य नै परेका थिए।

सम्पन्न मुलुकको विकासभन्दा कमको विकास होइन भन्दै नागरिकले खुलेरै प्रशंसा गरे, सोही बखत मन थाम्न नसकेर लकडाउनकै बीचमा प्रहरीलाई छल्दै धेरैजना कन्यामको विकास हेर्न पुगेकाहरुले सामाजिक सञ्जालमा फोटो, भिडियो पोष्ट गरेका थिए। सञ्चारमाध्यमहरुले पनि प्राथमिकताका साथ कन्यामको नयाँ विकासलाई स्थान दिएका थिए।

संघीय सरकारसँगको सहकार्यमा मेची राजमार्गलाई फराकिलो बनाउँदै सौदर्यीकरण गरेपछि कन्याम निकै आकर्षक देखिएको छ। सूर्योदय नगरपालिकाको अवधारणा अनुसार नगरको पहलमा डिभिजन सडक कार्यालयले कन्यामको मेची राजमार्ग फराकिलो बनाउन थालिएको हो। तर, सौन्दर्य थप्ने काम सम्पन्न भई नसक्दै यसरी सडक भत्किएको देखेर कन्याम पुगेका पर्यटकहरुले 'सडक निर्माणमा ठूलै भ्रष्टचार भएछ' भनेर विस्मत मान्दै यस्तो कमसल काम गर्नेलाई कानूनी दायरामा ल्याउनुपर्ने विचार व्यक्त गर्ने गरेका छन्। अहिलेको अवस्थामा कन्यामको सडकलाई हेर्दा सामान्य मानिसले पनि यसो भन्न बाध्य हुन्छ। किनकि कालोपत्रे बाटो एक-दुई महिनाको लागि मात्र बनाइँदैन।

मेची राजमार्ग अन्तर्गत कन्याममा ट्राफिक संकेत लाइनले सौन्दर्य थपेको छ। सडकको छेउ-भित्तामा रंगरोगन गरिएको छ। ठाउँ-ठाउँमा सोलारबत्ती समेत राखिएको छ। तर, खाल्डामा जमेको पानी र हिलोले कालोपत्रे सडक हिल्लामे बन्न थालेको छ। केही ठाउँमा बालुवाले पुरेर खाल्डो छोप्ने प्रयास गरिएको छ। तर, बर्षाको कारण बालुवा बगेर जाने गरेकाले खाल्डोमा जमेको पानीले सडक भत्काउन अझ मद्दत गरिरहेको छ।

यो सडक डिभिजन कार्यालय अन्तर्गत ठेक्का लागेर निर्माण गरिएको हो। तीन बर्षअघि नै ठेक्का सम्झौता भएको काम हाल आएर पहिलो चरणको काम सकिएको छ।

सूर्योदय नगरपालिकाका नगर प्रमुख रणबहादुर राईले भने- 'यस बर्ष बर्षा शुरु भएपछि काम गरिएकाले कालोपत्रे सडक कमसल भएको कारणले बनिइनसक्दै भत्किन गयो, निर्माण कम्पनीले पुनः निर्माण गर्ने भनेको छ। तर, हामीले नै तत्काल काम नगर्न भनेका छौं। आगामी असोज कात्तिकतिर गर्मी शुरु भएछि भत्किएको सडक मर्मत गराउने छौं।' पहिलो चरणमा सडक निर्माणको लागि डिभिजन कार्यालय मार्फत करिब १० करोड रुपैयाँ खर्च भएको प्रमुख राईले जानकारी दिए।



# मुद्दा फछ्र्यौटबाट पाँच करोड राजश्व

□ **लक्ष्मी उप्रेती**

**मेचीनगर, साउन ७।** मेची भन्सार कार्यालय काँकरभिट्टाले गत आर्थिक वर्ष २०७७/२०७८ मा दर्ता भएका मुद्दा फछ्र्यौटबाट मात्रै पाँच करोड रुपैयाँभन्दा बढी राजश्व संकलन गरेको छ।

मुद्दा लिलामी र जरिवानाबाट मात्रै कार्यालयले पाँच करोड ८७ लाख ७८ हजार रुपैयाँ आठ सय ८० रुपैयाँ राजश्व संकलन गरेको हो। त्यो वर्ष कूल छ करोड ४८ लाख ७४ हजार सात सय ६३ रुपैयाँ प्रतिवेदन मूल्य बराबरका मुद्दा दर्ता भएका थिए।

अघिल्लो आर्थिक वर्ष २०७६/२०७७ बाट सरी आएका २२ तथा बितेको आर्थिक वर्ष २०७७/२०७८ मा दर्ता भएका चार सय ६१ गरी कूल चार सय ८३ वटा मुद्दामध्ये चार सय १४ वटा फर्स्योट भएको कार्यालयको मुद्दा शाखाले जनाएको छ। सो वापत कार्यालयले पाँच करोड ८७ लाख ७८ हजार रुपैयाँ आठ सय ८० रुपैयाँ राजश्व संकलन गरेको प्रमुख भन्सार अधिकृत ध्रुवराज विश्वकर्माले जानकारी दिए।

आर्थिक वर्ष २०७७/२०७८ मा फर्स्योट हुन नसकेका ४७ वटा मुद्दा चालू आर्थिक वर्ष २०७८/२०७९ मा सरी आएका छन्। आर्थिक वर्ष २०७७/२०७८ मा सबैभन्दा बढी नेपाल प्रहरीले चार करोड २५ लाख ८५ हजार दुई सय ७२ रुपैयाँ प्रतिवेदन मूल्य बराबरका दुई सय ५३ वटा मुद्दा दर्ता गरे पनि दुई सय ३६ वटा मात्र फछ्र्यौट भएका थिए। त्यो वापत कार्यालयलाई चार करोड १४ लाख ८८ हजार १३ रुपैयाँ राजश्व प्राप्त भएको छ।

त्यसैगरी कम भन्सार कार्यालयले २६ हजार एकसय प्रतिवेदन मूल्य राखेर दुईवटा मुद्दा बुझाए पनि एउटा फछ्र्यौट भएको छ। सो वापत पाँच हजार पाँच सय रुपैयाँ राजश्व संकलन गरेको छ।

सशस्त्र प्रहरी बल नेपालले एक करोड ९० लाख ५५ हजार एक सय ९१ रुपैयाँ प्रतिवेदन मूल्य राखेर एक सय ९७ वटा मुद्दा भन्सारमा पेश गरे पनि एक सय ६६ वटा मात्र किनारा लागेका छन्। त्यसबाट कार्यालयले एक लाख ४२ हजार तीन सय ४७ रुपैयाँ राजश्व संकलन भएको छ।

अघिल्लो आर्थिक वर्षबाट अल्या भएर आएका र आर्थिक वर्ष २०७७/२०७८ मा नेपाल भन्सार राजश्व गस्तीले दर्ता गरेका कूल मुद्दामध्ये ११ वटा फछ्र्यौट हुँदा ३० लाख ५३ हजार तीन सय २० रुपैयाँ राजस्व संकलन भएको कार्यालयको भनाइ छ। चोरी पैठारीमा यातायातका साधनदेखि मोटरपार्टस्, खाद्यान्न, इलेक्ट्रोनिक्स, लत्ताकपडा, जुत्ताचप्पल लगायतका सामान रहेका छन्।

झापाका विभिन्न नाकाबाट अवैधरुपमा हुने चोरीपैठारी नियन्त्रणका लागि सशस्त्र प्रहरी, नेपाल प्रहरी तथा भन्सारबाट कर्मचारी समेत परिचालन गरिएको प्रमुख भन्सार अधिकृत विश्वकर्माले बताए।

# पाँच हजार नागरिकता वितरण

**दमक, साउन ७।** दमकस्थित इलाका प्रशासन कार्यालयले अघिल्ला वर्षभन्दा गत वर्ष करिब दोब्बर नागरिकता वितरण गरेको छ।

कार्यालयका अधिकृत सूर्यमान बानियाँका अनुसार आर्थिक वर्ष २०७६/०७७ को तुलनामा गत वर्ष २०७७/०७८ को अवधिमा दुई हजार चार सय ६२ बढी नयाँ नागरिकता वितरण गरिएको छ। कार्यालयको तथ्याङ्कमा २०७७/०७८ मा पाँच हजार पाँच सय ७३ नयाँ नागरिकता वितरण गरेको थियो भने २०७६/०७७ मा तीन हजार एक सय ११ नयाँ नागरिकता वितरण गरिएको उल्लेख छ।

आ.व. २०७७/०७८ को अवधिमा वैवाहिक अङ्गिकृत ३०, प्रतिलिपी चार हजार आठ सय ७१ र नाबालाक परिचयपत्र ८३ जारी गरिएको अधिकृत बानियाँले जानकारी दिए। सोही अवधिमा राहदानी नियमिततर्फ दुई हजार दुई सय ९१, दूत सेवा छ सय १८, ठाडो उजूरी ६६, संघ-संस्था नविकरण एक सय ५८ र चार हातहतियार इजाजत वितरण गरिएको उल्लेख छ।

**एक करोड २२ लाख रुपैयाँभन्दा बढी राजश्व संकलन**

सोही वर्ष राहदानी बापत एक करोड २२ लाख ५२ हजार पाँच सय, अन्य प्रशासनिक सेवाबापत एक लाख ५७ हजार आठ सय ५०, बेरुजु आठ हजार एक सय ५१ गरी कूल एक करोड २२ लाख ५२ हजार पाँच सय रुपैयाँ राजश्व सङ्कलन गरेको कार्यालयले जनाएको छ।

कार्यालयले जिल्लाको माईपश्चिम क्षेत्रको दमकसहित कमल, शिवसताक्षी, गौरादहका बासिन्दालाई सरकारी सेवा उपलब्ध गराउँदै आएको छ।


## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

'चट्ट फोन झट्ट सेवा'



सम्पर्कः ०२३-५५२६२०
९८४२६५५७००, ९८०४९३८१००

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

## सटर भाडामा

बिर्तामोड नगरपालिका-३ घैलाडुब्बा रोड बिर्ताबजार चोकमा खाली सटर भाडामा छ। व्यापारिक प्रयोजनमा रहेको उक्त सटर भाडामा लिन चाहनेले तु-सम्पर्क गर्नुहोला।

सम्पर्कः
९८१४०२७४६१,
९८४२६५४६३८

## राहदानी हरायो

शनिश्चरेबाट बिर्तामोड आउने क्रममा यही मिति २०७८।०१।०५ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ।

**नाम**:- दिपेशकुमार पनेरु
**ठेगाना**:- शनिअर्जुन नपा-७, झापा
**हाल** : अर्जुनधारा नपा-९, झापा
**राहदानी नं.** : ०९९५८९३३

## काठ लिलाम बिक्री सम्बन्धी सूचना

मितिः २०७८।०४।०८

यस सामुदायिक वन उपभोक्ता समूहले आर्थिक वर्ष २०७६/०७७ मा संकलन गरी घाटगद्दीमा राखेको साल जातका चिरान लट नं. ३ को थान १७१ को हुन आउने जम्मा परिमाण १७५.४२ क्यु फिट काठ डिभीजन वन कार्यालय इलामको च.नं. १०० को लगत प्रमाणित अनुसार बिक्री वितरण सहमति बमोजिम जे-जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा बिक्री वितरण गर्नुपर्ने भएकोले वन पैदावर कारोबार गर्न इच्छुक व्यक्ति, फर्म, संघ-संस्था वा निकायले सूचना प्रकाशित भएको मितिले २१ दिनभित्रमा बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ। पूर्ण व्यहोराको सूचना जानकारी लिन यस सा.व.उ. समूहको कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ।

**श्री सरस्वती सामुदायिक वन उपभोक्ता समूह**
माई नपा-८, इलाम

## कर्मचारी आवश्यकता

ग्रेट फ्युचर मार्ट कम्पनीलाई केही कर्मचारी आवश्यक परेकाले इच्छुक व्यक्तिले दरखास्त दिनुहोला।

पदः **पीआरओ**
**संख्याः** ८ जना (महिला/पुरुष)
**योग्यताः** +२ वा सो सरह
**तलबः** १३,६०० सम्म

**सम्पर्कः** G.F.M. कार्यालय,
बिर्तामोड-४, भद्रपुर स्टेण्ड (झापा)
9817930772/ 9814397340

नोटः सञ्चयकोष। यातायात। नास्ता। बोनसको व्यवस्था रहेको छ।

## अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६-९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ।

अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६), बिर्तामोड काउन्टर सीताराम आचार्य (९८४२६२३१५२)

## सुरक्षा गार्डको आवश्यकता

२५ वर्ष माथि ५0 वर्षसम्म उमेर भएका पुरुष र २0 वर्षदेखि ३0 वर्ष उमेर भएका महिला सेक्युरिटी गार्डको आवश्यकता परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला।

*भू.पू. आर्मी, प्रहरीलाई विशेष ग्राह्यता।*

विराट गोर्खा सेक्युरिटी प्रा. लि.
सम्पर्क कार्यालय बिर्तामोड
सिटी सेन्टर पूर्व, देवी कलेज रोड
फोन : ९८४२६२५०२०, ९८०४७३१५६८, ९८०४५६७८७२

## हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)





ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)


**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
अवसरले पछ्याए पनि फाइदा उठाउन चुनौतिहरूसँग जुध्नुपर्नेछ। नतिजा कमजोर देखिनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
सहयोगीहरूले साथ दिन छाड्नेछन् भने प्रगतिमा इर्ष्या गर्नेहरूले दुःख दिनेछन्। अस्वस्थताले कमजोर महशुस हुनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
शुभचिन्तकहरूले साथ दिनेछन्। अध्ययनमा गुरुजनको मार्गदर्शन अवलम्बन गर्दा फाइदा हुनेछ। मेहनतले काम बनाउन सकिनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
नियमित काम सम्पादन भए पनि पारिवारिक मतभेदले व्यवधान निम्त्याउन सक्छ। अनावश्यक साइनो गाँस्नेहरूसँग सावधान रहनुहोला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
बेसुरमा वचन दिने बानीले अप्ठ्यारो पर्न सक्छ। निर्णायक मोडमा दुविधा उत्पन्न हुने समय रहेकाले सजग रहनुपर्ला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
महत्वकांक्षी योजना सार्वजनिक नगर्नुहोला। हिस्सेदारसँग असमझदारी बढ्ने हुँदा पहिलेको सम्झौता भंग हुन सक्छ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
छोटो समयमा विशेष उपलब्धि हातलागी हुनेछ। विभिन्न स्रोत-साधन प्राप्त हुनेछन् भने गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
नगद जुट्नाले दैनिकीमा परिवर्तन आउला। रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। शत्रु र प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ। नौलो प्रकृतिको काम शुभारम्भ गर्ने मौका छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
आत्मविश्वासको कमीले काममा पछि परिनेछ। शुभचिन्तकहरूको भावनालाई बेवास्ता गर्दा दुःख पाइनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
खर्च हुने डरले सताउन सक्छ। वादविवादबाट टाढा रहनुहोला। अर्थ अभावले पनि काममा बाधा पुग्नेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
आफ्ना सूचना सम्बन्धी गोपनीयतामा ध्यान पुऱ्याउनुहोला। इर्ष्या गर्नेहरूबाट जोगिएर काम लिनुहोला।